# दमक नगरपालिका कार्यालय,दमक , झापा

स्थायी पदपूर्तिका लागि खुल्ला र समावेशी पदको प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

प्रथम पटक प्रकाशन मिति २०७२/०५/०१

निम्न पद तथा तहको देहाय बमोजिमको पदसंख्याका लागि खुल्ला र समावेशी प्रतियोगितात्मक लिखित तथा मौखिक परीक्षा लोक सेवा आयोग ,मेची अञ्चल कार्यालय इलाम द्वारा परिक्षा संचालन सम्बन्धि सम्पुर्ण प्रकृयाहरु पुरा गरी छनौट भएका उम्मेदवारहरुको अन्तिम नामावली दमक नगरपालिका पदपूर्ति समितिमा सिफारीस गर्ने गरी निम्न बमोजिमका योग्यता पुगेका उम्मेदारबाट दमक नगरपालिका कार्यालयद्धारा स्वीकृत फाराम भरी दरखास्त पेश गर्न आह्वान गरिन्छ ।

| क्र.स | विज्ञापन न. | विज्ञापनको किसिम | माग र पद विवरण | | | |
|---|---|---|---|---|---|---|
| | | | सि.न | पद | तह | जम्मा मागपद संख्या |
| १. | १/२०७२/०७३ | खुल्ला | क, | प्रशासन (ना.सु) | सहायकस्तर पांचौ | २ (दुई) |
| २ | २/२०७२/०७३ | महिला | ख, | प्रशासन (ना.सु) | सहायकस्तर पांचौ | १ (एक) |
| | ३/२०७२/०७३ | आदिवासी/जनजाति | ग, | प्रशासन (ना.सु) | सहायकस्तर पांचौ | १ (एक) |
| | ४/२०७२/०७३ | खुल्ला | क, | आन्तरिक लेखा अधिक्षक (ना.सु.) | सहायकस्तर पांचौ | १ (एक) |
| ३ | ५/२०७२/०७३ | खुल्ला | क, | अमिन (प्राविधिक) | सहायक स्तर चौथो | १ (एक) |
| | ६/२०७२/०७३ | खुल्ला | क, | असिस्टेन्ट सव इन्जिनियर (प्राविधिक) | सहायक स्तर चौथो | २ (दुई) |
| ४ | ७/२०७२/०७३ | महिला | ख, | असिस्टेन्ट सव इन्जिनियर (प्राविधिक) | सहायक स्तर चौथो | १ (एक) |
| | ८/२०७२/०७३ | आदिवासी/जनजाती | ग, | असिस्टेन्ट सव इन्जिनियर (प्राविधिक) | सहायक स्तर चौथो | १ (एक) |
| ५ | ९/२०७२/०७३ | खुल्ला | क, | सहायक लेखापाल( खरिदार) | सहायक स्तर चौथो | १ (एक) |
| ६ | १०/२०७२/०७३ | खुल्ला | क, | इलेक्ट्रीसियन (प्राविधिक) | सहायक स्तर चौथो | १ (एक) |
| ७ | ११/२०७२/०७३ | खुल्ला | क, | कम्प्युटर अपरेटर (प्राविधिक) | सहायक स्तर चौथो | १ (एक) |
| ८ | १२/२०७२/०७३ | महिला | ख, | कम्प्युटर अपरेटर (प्राविधिक) | सहायक स्तर चौथो | १ (एक) |
| | १३/२०७२/०७३ | खुल्ला | क, | प्रशासन ( खरिदार) | सहायक स्तर चौथो | २ (दुई) |
| ९ | १४/२०७२/०७३ | महिला | ख, | प्रशासन ( खरिदार) | सहायक स्तर चौथो | १ (एक) |

**लिखित परीक्षा कार्यक्रम निम्न अनुसार सञ्चालन हुनेछ ।**

| पद / तह | पत्र | विषय | परीक्षा मिति | समय |
|---|---|---|---|---|
| खरिदार/स.ले.पा.(सहायकस्तर चौथा) | प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | २०७२/०६/१५ | दिउसो ४.०० बजे |
| | दोसो | गणित र विज्ञान | २०७२/०६/१६ | विहान ११.०० बजे |
| | तेस्रो | सामाजिक अध्ययन तथा कार्यालय संचालन | २०७२/०६/१६ | दिउंसो २.०० बजे |
| अमिन (प्रा.) /सहायक स्तर चौथो | प्रथम | सेवा सम्वन्धी | २०७२/०६/१७ | विहान ७.०० बजे |
| असिस्टेन्ट सव इन्जिनियर (प्रा.) (सहायकस्तर चौथा) | प्रथम | सेवा सम्वन्धी | २०७२/०६/२४ | विहान ७.०० बजे |
| कम्प्युटर अपरेटर (प्रा.)सहायक स्तर चौथो | प्रथम | सेवा सम्वन्धी | २०७२/०६/२४ | विहान ७.०० बजे |
| इलेक्ट्रीसियन (प्रा.)सहायक स्तर चौथो | प्रथम | सेवा सम्वन्धी | मिति पछि तय गरिनेछ | |
| नायव सुव्वा / आन्तरिक लेखा अधिक्षक (सहायक स्तर पांचौं) | प्रथम | सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण | २०७२/०६/२२ | दिउसो ४.०० बजे |
| | दोसो | सामाजिक अध्ययन तथा कार्यालय संचालन | २०७२/०६/२३ | विहान ११.०० बजे |
| | तेस्रो | ए.प्राज्ञिक विषय | २०७२/०६/२३ | दिउंसो ३.०० बजे |

परीक्षाको किसिम - लिखित, कम्प्युटर सीप परीक्षण (प्रयोगात्मक र अर्न्तवार्ता )

परीक्षाको केन्द्र :- कार्यालयले पछि निर्धारण गरे अनुसार हुनेछ ।

परीक्षाको दस्तुर :- सहायक स्तर पांचौ तहका लागि रु ४०० (चार सय) र प्रत्येक थप समावेशी पदका लागि रु २०० थप गर्नुपर्ने तथा सहायक स्तर चौथौं तहका लागि रु ३०० (तान सय) र प्रत्येक थप समावेशी पदका लागि रु १०० थप गर्नुपर्ने ।

दरखास्त दिने स्थान :- दमक नगरपालिका कार्यालय, दमक , झापा

दरखास्त दिने अन्तिम मिति : २०७२/०५/०१ देखि २०७२/०५/३० सम्म (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिन) तथा दाव्बर दस्तुर तिरी २०७२/०६/०६ गते सम्म ।

कम्प्युटर सीप परीक्षण तथा अन्तवार्ता हुने मिति :- लिखित परीक्षाको नतिजा प्रकाशित हुंदा उल्लेख गरिनेछ ।

पदमा रही गर्नुपर्ने कामको विवरण :- पद तथा सेवा सम्वन्धी ।

तलब :- नगरपालिकाको निर्णय बमोजिम ।

## खुल्ला तथा समावेशी परोक्षाको लागि विशेष सूचना

१. छुट्टाछुट्टै शैक्षिक योग्यता भएका पदहरुमा उम्मेदवार हुन चाहने उम्मेदवारले आफनो शैक्षिक योग्यता मिल्ने पद तथा तह अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । उम्मेदवारले आफु उम्मेदवार हुन चाहेको पदहरुका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता प्रमाणित हुने सवै प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

२. उम्मेदवारले आफूले राजेका ऐच्छिक प्राज्ञिक विषय र न्यूनतम शैक्षिक योग्यताको मूल विषय अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।

३. ऐच्छिक प्राज्ञिक विषय छनौट गर्दा उम्मेदवारले कुनै एउटा मात्र छान्नु पर्नेछ । यस्ता विषय छनौट गर्दा विश्वविद्यालय /उच्च माध्यमिक शिक्षा परिषदमा सोही विषयमा अध्ययन गरेकै हुनुपर्ने अनिवार्यता हुने छैन । ना.सु.वा सो सरहको ऐच्छिक प्राज्ञिक विषयहरु राजनितीक शास्त्र ,लेखा र व्यवस्थापन हुनेछन ।

४. खुल्ला र सामावेशीतर्फको लिखित परीक्षा एकै सिटिङ्ग एकै मिति र समयमा हुनेछ । प्रत्येक पद/ तहको खुल्ला तथा समावेशी समुहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्नेछैन ।

५. खुल्ला तथा समावेशीतर्फको लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अर्न्तवार्ताका लागि छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा सवै पदहरुका एकमुष्ट रुपमा प्रकाशन गरिनेछ ।

६. समावेशी समूहतर्फको परीक्षावाट कम्युटर सीप परीक्षण र अर्न्तवाताका लागि छनौट भएका उम्मेदवारहरुले समावेशी पदको आधारमा कार्यालयको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

७. खुल्ला तथा समावेशी समूहतर्फको लिखित परीक्षाबाट कम्प्युटर सीप परीक्षण र अर्न्तवार्ताका लागि खुल्ला र समावेशी तथा एकभन्दा बढी समावेशी पदमा छनौट भएका उम्मेदवारले एकपटक मात्र कम्प्युटर सीप परीक्षण र अन्तवार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ । उक्त सीप परीक्षण र अर्न्तवार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सवै पद (खुल्ला र समावेशी) मा गणना गरिनेछ ।

८. सवै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit order) अनुसार नियुक्तिको लागि सिफारिश गरिनेछ ।

## आवश्यक न्युनतम शैक्षिक योग्यता :-

| क्र.स | पद | तह | आवश्यक न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| १. | प्रशासन (ना.सु) | सहायक स्तर पांचौ | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण |
| २ | आन्तरिक लेखा अधिक्षक (ना.सु) | सहायक स्तर पांचौ | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा सो सरह उतीर्ण |
| ३ | प्रशासन (खरिदार) | सहायकस्तर चौथो | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा सो सरह उतीर्ण |
| ४ | अमिन (प्रा.) | सहायक स्तर चौथो | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा सो सरह उतीर्ण गरा CTEVT वा CTEVT बाट मान्यताप्राप्त शिक्षण संस्थाबाट १५ महिने तालिम उत्तीर्ण |
| ५ | असिस्टेन्ट सव इन्जिनियर (प्राविधिक) | सहायक स्तर चौथा | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा सो सरह उतीर्ण गरी CTEVT वा CTEVT बाट मान्यताप्राप्त शिक्षण संस्थाबाट १५ महिने तालिम उत्तीर्ण |
| ६ | इलेक्ट्रीसियन (प्राविधिक) | सहायक स्तर चौथो | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा सो सरह उतीर्ण गरी CTEVT वा CTEVT बाट मान्यताप्राप्त शिक्षण संस्थाबाट १५ महिने तालिम उत्तीर्ण |
| ७ | कम्प्युटर अपरेटर (प्राविधिक) | सहायक स्तर चौथो | मान्यताप्राप्त शिक्षण संस्थावाट प्रवेशिका परीक्षा वा सो सरह उतीर्ण गरा कम्तीमा ३ महिनाको Basic Computer Skill तालिम गरेको वा कम्प्युटर सम्वन्धि तालिम २ उत्तीर्ण गरेको . |
| ८ | सहायक लेखापाल (खरिदार) | सहायक स्तर चौथो | मान्यताप्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा वा सो सरह उतीर्ण |

**दृष्टव्य**

क, परीक्षा भवनमा प्रवेशपत्र वितरण नगरिने भएको हुंदा अनिवार्य रुपमा परीक्षा सञ्चालन हुने दिन अगावै प्रवेशपत्र लिइसक्नु पर्नेछ ।

ख, दरखास्त साथ शक्षिक योग्यताको प्रमाणपत्रहरु (क) लब्धांकपत्र (ख) उमेर खुलेको चारित्रिक प्रमाणपत्र (ग)नेपाली नागरीकता प्रमाण पत्रका प्रतिलिपिमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठीक छ भनी दस्तखत गर्नु पर्नेछ ।

ग, दरखास्त दिने अन्तिम मितिसम्ममा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको हनुपर्नेछ । तर महिलाको हकमा ४० र प्राविधिक पदमा ४५ बर्ष ननाघेको हुनुपर्नेछ ।

घ, दोब्बर दस्तुरका म्यादलाई उमेर, शैक्षिक योग्यता प्रयोजनका लागि गणना गरिने छैन ।

ङ, स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २१४ बमोजिम अयोग्य नभएको हुनुपर्नेछ ।

च, कार्यालयले तोकिएको म्याद भित्र दाखिल नभएको वा न्यूनतम योग्यता नपुगेको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

छ, दरखास्त फारमको नमूना कार्यालयको Website:–www.mundamak.gov.np बाट डाउन्लोड गरी प्राप्त गर्न सकिने छ । हातले उतार गरी लखेको दरखास्त फारामलाई मान्यता दिइने छैन ।

ज, लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेरवारहरुले अन्तर्वार्ता दिनु भन्दा अगावै शैक्षिक योग्यताको स्थायी / अस्थायी प्रमाणपत्रको प्रतिलिपी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

झ, खुल्ला र समावेशी समूहभित्र फारम भर्ने उम्मेरवाहरुले विज्ञापन अनुसारको खुल्ला र समावेशी समूहका उम्मेवारहरुका लागि दरखास्त फारामको पहिलो पाना छुट्टा छुट्टै भर्नु पर्नेछ, तर रोल नम्बर र प्रवेशपत्र भने एउमा मात्र प्रदान गरिने छ ।

ञ, पाठयक्रम कार्यालयको Website : www.mundamak.gov.np वा www.psc.gov.np बाट प्राप्त गर्न सकिने छ ।

**समावेशी तर्फका उम्मेरद्धाहरुले पेश गर्नुपर्ने थप कागजातहरु :-**

क, आदिवासी / जनजातिका हकमा नेपाल आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर नेपाल आदिवासी / जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्वन्धित स्थानीय निकायको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ ।

पदपूर्ति समिति
दमक नगरपालिका कार्यालय
दमक, झापा